Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २५ | अंक: १९८ | वि.सं. २०८२ कार्तिक २४ सोमवार | नेपाल संवत: ११४५, मंसिर कृष्ण पञ्चमी | Monday 10 November 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# दैलेखमा भेटिएको ग्यासले ऊर्जा क्षेत्रमा गर्न सक्छ कायापलट

**◣युग संवाददाता**
**दैलेख, २३ कार्तिक ।**

दैलेखमा भेटिएको प्राकृतिक ग्यासबाट मुलुकको ऊर्जा क्षेत्रमा ठुलो परिवर्तन ल्याउन सक्ने देखिएको छ। नेपाल आयल निगमका निर्देशक विनितमणि उपाध्यायको संयोजकत्वमा गठित अध्ययन समितिले युरिया, विद्युत, सवारी साधनमा प्रयोग हुने ग्यास र खाना पकाउने ग्यास उत्पादन गर्न सकिने प्रतिवेदनमा उल्लेख गरेको छ।

समितिले दैलेखको पेट्रोलियम उत्पादनबारे गरिएको अध्ययन प्रतिवेदन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेस गरेको छ। समितिमा खानी विभागका सीडीजी धर्मराज खड्का, पेट्रोलियम अन्वेषण परियोजनाका सीडीकेई मनिष कर्ण सदस्य र केमिकल इन्जिनियर दीप्ति पौडेल सदस्य सचिव रहेका थिए।

दैलेखमा फेला परेको प्राकृतिक ग्यास मुलुकको ऊर्जा र आर्थिक क्षेत्रमा कायापलट ल्याउन सक्ने बहुउपयोगी स्रोत भएको निगमका निर्देशक तथा समितिका संयोजक विनितमणि उपाध्यायले बताए। उनका अनुसार उक्त ग्यासबाट रासायनिक मल कारखाना सञ्चालन गर्ने, बिजुली उत्पादन गर्ने, खाना पकाउने एलपी ग्यास र गाडीमा प्रयोग हुने पेट्रोललाई समेत प्रतिस्थापन गर्न सकिने देखिएको छ।

दैलेखमा पेट्रोलियम पदार्थको अन्वेषणमा चिनियाँ कम्पनीको प्रारम्भिक अध्ययन प्रतिवेदन अनुसार करिब १ अर्ब १२ करोड घनमिटर मात्रामा प्राकृतिक ग्यासको सम्भावना छ। उपाध्याय भन्छन्, 'यसले ५० वर्षसम्म नेपालको माग धान्न सक्ने अनुमान छ। जुन नेपालका लागि ऊर्जा र आर्थिक रुपमा महत्त्वपूर्ण छ। ग्यासमा मिथेनको मात्रा के कति छ भन्ने विषय चिनियाँ कम्पनीको अन्तिम प्रतिवेदन पेस गरेपछि टुङ्गो लाग्नेछ।' यसको समुचित प्रयोगले वार्षिक खर्बौं रुपैयाँको आयात प्रतिस्थापन भई मुलुकको विकासमा ठुलो टेवा पुग्ने उपाध्यायले बताए। अहिलेसम्म प्रारम्भिक अध्ययन मात्र भएकाले विस्तृत आर्थिक प्राविधिक अध्ययन, इन्जिनियरिङ सर्भे तथा डिजाइन र वातावरणीय मूल्याङ्कन आवश्यक छ।

- **रासायनिक मल कारखाना खोल्न सुझाव**

प्रतिवेदनमा दैलेखमा भेटिएको प्राकृतिक ग्यास प्रयोग रासायनिक मल (युरिया) उत्पादन गर्न आर्थिक र प्राविधिक हिसाबले उपयुक्त हुने र देशमा हालसम्म कुनै रासायनिक मल कारखना नभएको हुनाले मल उद्योग निर्माणतर्फ ध्यान दिनुपर्ने प्रतिवेदनले सुझाएको छ।

कृषि तथा पशुपन्छी मन्त्रालयका अनुसार



नेपालमा वार्षिक ७ लाख मेट्रिक टन युरिया मलको माग छ। उक्त माग पूरा गर्न दैनिक २ हजार २०० मेट्रिक टन उत्पादन क्षमताको कारखाना आवश्यक देखिन्छ। साथै करिब ३ हजार ५०० मेट्रिक टनसम्म रासायनिक मल उत्पादन गर्न सकेमा आर्थिक हिसाबले अझ छिट्टै प्रतिफल प्राप्त गर्न सकिने प्रतिवेदनमा उल्लेख छ।

यसले नेपालको वार्षिक सात लाख मेट्रिक टनको माग पूरा गरी विदेश निर्यात समेत गर्न सकिने सम्भावना छ। सुर्खेतलाई केन्द्र बनाएर मल कारखाना स्थापना गर्न सकिने प्रतिवेदनमा उल्लेख छ।

यस्तै, दैनिक उत्पादन २ हजार २०० मेट्रिक टन क्षमतामा उद्योग सञ्चालन गरे वार्षिक ४१० देखि ४५२ मिलियन घनमिटर प्राकृतिक ग्यास र दैनिक १ हजार ६९ देखि १ हजार १२२ मेट्रिक टन नाइट्रोजन आवश्यक पर्ने देखिन्छ। यसका लागि २५ देखि ३० मेगावट बिजुली आवश्यक पर्ने देखिन्छ। उक्त उद्योगलाई आवश्यक पर्ने बिजुली उपलब्ध गराउन सोही क्षेत्रमै ग्यासमा आधारित पावर प्लान्टको निर्माण आवश्यक रहेको समितिले सुझाव दिएको छ। साथै १५० देखि २०० बिघा जमिन आवश्यक देखिन्छ। यो उद्योगलाई धेरै मात्रामा पानी आवश्यक पर्ने भएकाले नदी नजिकैको स्थानमा उद्योग स्थापना गर्न सुझाव दिइएको छ।

- **विद्युत उत्पादन गर्न सकिने**

कर्णाली क्षेत्रमा ठुला क्षमताका आयोजना नरहेको हुनाले यस क्षेत्रमा प्राकृतिक ग्यासमा आधारित विद्युत आयोजना स्थापना गर्न सकेमा त्यस क्षेत्रको हालको विद्युतको समस्या हल गर्न सकिने अध्ययनले देखाएको छ। विद्युत परियोजना सञ्चालनको विकल्पमा दैलेख आसपासको क्षेत्रका लागि ग्यास टर्बायनमा आधारित १०० देखि ३०० मेगावाट क्षमताको विद्युतीय आयोजना सञ्चालन सम्भावना देखिएको छ।

ग्यास टर्बाइनमा आधारित २०० मेगावाट क्षमताको विद्युतीय आयोजना सञ्चालनका लागि वार्षिक १९२ मिलियन घनमिटर ग्यास आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ, जुन दैलेखमा फेला परेको ग्यासबाट सञ्चालन गर्न सकिने सुझाव छ।

- **खाना पकाउने ग्यास प्रतिस्थापन गर्न सकिने**

यातायात क्षेत्रका लागि सीएनजी र खाना पकाउनका लागि पीएनजीको उपयोग सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनुपर्ने सुझाव दिइएको छ। नेपालमा वार्षिक ५० अर्ब रुपैयाँको आयात हुने खाना पकाउने (एलपी) ग्यासलाई पीएनजीले पाइपलाइनमार्फत घरघरमा पुऱ्याएर पूर्ण रूपमा विस्थापित गर्न सकिन्छ। सुर्खेत, दैलेखको नारायण नगरपालिकाजस्ता सहरी क्षेत्रबाट यसको सुरुवात गर्न सकिने समितिले प्रतिवेदनमा उल्लेख गरेको छ।

पेट्रोलको विकल्पमा गाडीहरूमा कन्भर्सन किट जडान गरी यो ग्यासलाई कम्प्रेस्ड नेचुरल ग्यास (सीएनजी) को रूपमा प्रयोग गर्न सकिन्छ। भारतको राजधानी दिल्लीमा पेट्रोलभन्दा सीएनजी प्रतिलिटर २५ रुपैयाँ सस्तो रहेको उदाहरण दिँदै उपाध्यायले वार्षिक एक खर्ब रुपैयाँको पेट्रोल आयातलाई १० प्रतिशतका दरले मात्रै विस्थापित गर्दा पनि वार्षिक १० अर्ब रुपैयाँ बचत हुने बताए। यो वातावरणमैत्री समेत मानिन्छ।

- **कसरी गर्न सकिन्छ उत्पादन र वितरण ?**

आगामी डिसेम्बरमा चिनियाँ टोलीले अन्तिम प्रतिवेदन बुझाएपछि उत्पादनको मोडालिटीबारे निर्णय हुनेछ। निगमको अध्ययनले तीनवटा विकल्प अघि सारेको छ। जसमा शतप्रतिशत नेपाल आयल निगमको लगानीमा, आयल निगम र नेपाल सरकारका अन्य निकायको ५१/४९ प्रतिशतको संयुक्त लगानीमा र आयल निगम र अन्तर्राष्ट्रिय तेल कम्पनीहरूको संयुक्त लगानीमा उत्पादन गर्न सकिने सुझाव दिइएको छ।

पहाडी भू-बनोटका कारण केही चुनौती भएपनि सुर्खेतलाई वितरण केन्द्र बनाएर पाइपलाइन मार्फत विभिन्न प्रयोजनका लागि ग्यास उपलब्ध गराउन सकिने उपाध्यायले बताए।

नेपाल आयल निगमको पेट्रोलियम पदार्थको आपूर्ति, ढुवानी भण्डारण र वितरणको क्षेत्रमा ५५ वर्षदेखिको प्राविधिक र व्यावसायिक अनुभव छ। डिजेल, पेट्रोल, मट्टितेल, एलपीजी र हवाई इन्धनको बिक्री वितरणमा लामो समयको अनुभव र सम्बन्धित इन्धन डिपो र पाइपलाइन पूर्वाधारहरुको सञ्चालनको अनुभव निगमसँग छ। प्राविधिक जनशक्तिहरुको उपलब्धता, देशभर फैलिएको वितरण सञ्जाल एवम् अन्तर्राष्ट्रियस्तरको सम्बन्ध समेत रहेकाले प्राकृतिक ग्यासको उत्पादन र बिक्री वितरणमा आयल निगम उपयुक्त हुने अध्ययन प्रतिवेदनमा उल्लेख छ।

उत्पादन प्रशोधन, भण्डारण, बिक्री वितरण र औद्योगिक प्रयोगका लागि मुख्यतः केमिकल, मेकानिकल, इलेक्ट्रिकल,प्रोसेस इन्जिनियर, भूगर्भविद् लगायत प्राविधिक आवश्यक हुन्छ। जसको उपलब्धता निगमले गर्नसक्ने प्रतिवेदनमा उल्लेख छ।

- **आर्थिक लगानी प्रमुख चुनौती**

दैलेखमा भेटिएको प्राकृतिक ग्यासलाई उत्पादन प्रशोधनका लागि ठुलो आर्थिक लगानी आवश्यक रहेकाले चुनौती देखिएको छ। पाइपलाइन पूर्वाधार र मल कारखानाको निर्माण र सञ्चालनका लागि ठुलो लगानी आवश्यक रहेकाले यसमा चुनौती रहेको अध्ययनले देखाएको छ।

साथै, पाइपलाइन निर्माणका लागि भौगोलिक जटिलता पनि अर्को चुनौती छ। नेपालमा उत्खनन्, उत्पादन तथा अन्य सम्बन्धित प्रयोग क्षेत्रमा अनुभवी प्राविधिक दक्ष जनशक्तिको अभाव अर्को चुनौती देखिएको समितिको प्रतिवेदनमा उल्लेख छ। *(रातोपाटी)*

## ठेकेदारको लापर्वाहीले सडक निर्माण योजना अलपत्र



**◣युग संवाददाता**
**बाँके, २३ कार्तिक ।**

सडक डिभिजन कार्यालय नेपालगञ्ज अन्तर्गतका चार निर्माण योजना ठेकेदार कम्पनीको लापर्वाहीले अलपत्र परेका छन्।

रत्न राजमार्ग र पूर्व-पश्चिम राजमार्गमा निर्माण कार्यका लागि ठेक्का सम्झौता गरी काम नगरेका कारण योजना अलपत्र अवस्थामा रहेको सडक डिभिजन कार्यालयका प्रमुख सिनियर डिभिजन इञ्जिनियर नरेन्द्रप्रसाद भट्टले जानकारी दिए।

उनका अनुसार ठेकेदार कम्पनीले तोकिएको समयावधिमा काम नगर्दा पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गत कोहलपुर-कर्णाली खण्डमा नियमित मर्मत कार्य, साइड ड्रेन निर्माण, सडक साइट सुरक्षा र ट्राफिक सुरक्षा कार्य हुन सकेको छैन।

त्यस्तै रत्न राजमार्गअन्तर्गत देउराली-हर्रे खण्डमा नियमित मर्मत कार्य प्याचिङ र गमला मर्मत, रत्न

▶▶ बाँकी २ पेजमा

## 'बर्फानी बाबा' मन्दिर पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै

**◣युग संवाददाता**
**बाँके, २३ कात्तिक ।**

यहाँको राप्तीसोनारी-४ स्थित चुरे पहाडमा रहेको 'बर्फानी बाबा' मन्दिर पर्यटकीय गन्तव्यका रूपमा विकास हुनथालेको छ। नेपालगञ्ज बजारबाट करिब ३० किलोमिटर पूर्वदक्षिणमा रहेको सो मन्दिरमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्न थालेको छ।

धार्मिक पर्यटनका रूपमा विकास हुनथालेको सो मन्दिरमा पदयात्रा गरेर मनोरम दृश्य दृश्यावलोकन गर्दै त्यहाँ पुग्न सकिने नेपाल एसोसिएसन अफ टुर्स एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) बाँकेका पूर्वअध्यक्ष श्रीराम सिग्देलले बताए।

उनले बाँकेको राप्तीसोनारी गाउँपालिकाको कुम्भरबाट करिब दुई घण्टाको पैदलयात्रा गरेर सो मन्दिरमा पुग्न सकिने उल्लेख गर्दै त्यस क्षेत्रको विकास लागि अझै लगानी बढाउन आवश्यक भएको बताए।

राप्तीसोनारी गाउँपालिकाका पूर्वअध्यक्ष लाहुराम चौधरीले ' बर्फानी बाबा'को मन्दिर धार्मिक पर्यटनका लागि महत्वपूर्ण गन्तव्य भएकाले भौतिक पूर्वाधारको विकासमा अझै विकास आवश्यक भएको धारणा व्यक्त गरे। उनले आफ्नो कार्यकालमा छ वर्षअघि रु ३० लाख लागतमा मन्दिर निर्माण गरेको जानकारी दिँदै बाटो निर्माणमा पनि रु २८ लाख खर्च गरिएको बताए।

खानेपानीको व्यवस्थापन थिएन, भक्तजन बस्ने कुनै प्रबन्ध थिएन तर अहिले सबैको व्यवस्थापन भएको पूर्वअध्यक्ष थारूको भनाइ छ। मन्दिर क्षेत्रमा अझै पनि शौचालय व्यवस्थापन हुनसकेको छैन। चौधरीले आवतजावत गर्न अझै कठिनाइ झेल्नुपरेको जानकारी दिँदै पर्याप्त भौतिक पूर्वाधारको विकास हुन नसकेको बताए।

'बर्फानी बाबा' मन्दिरका प्रमुख बाबा केशव गिरीले मन्दिरमा बर्सेनि आगो लाग्दा कुटीमा कठिनाइ झेल्नुपरेको बताउँदै मन्दिर क्षेत्रमा चारैतर्फ पर्खाल निर्माण आवश्यक भएको बताए। भारतीय पत्रकार एसके मदेशियाले प्राकृतिक सौन्दर्यले आफूलाई लोभ्याएको उल्लेख गर्दै मन्दिर जानका लागि आवजातवत गर्नलाई सहज बनाउन आवश्यक रहेको बताए।




# पतन यात्राको रेलगाडी



✍ उमालाल आचार्य

माओवादीमा आजीवन पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको विरोध गरि घनिभूत रूपमा विकल्प खोजिएको समय परिवेशमा जेन-जी आन्दोलनले प्रचण्डलाई प्रतिकूल बनायो । प्रचण्डले हतारमा केन्द्रीय समिति विघटन गरेर आफुलाई संयोजक बनाए । खत्री काले भन्नू र काले खत्री भन्नुमा तात्विक भिन्नमत नभए जस्तै संयोज भन्नू र अध्यक्ष भन्नु व्यक्ति उनै प्रचण्ड हुन भनी दुनियाँले बुझ्ने यस्तो कुरा माओवादीले नबुझ्ने भन्ने हुँदैन । प्रचण्डले आफू जत्तिको चतुर दुनियाँमा कोही छैन भन्दाहुन, त्यो बिलकुल भ्रम हो । जेनजी समूहका युवासँग फोटो खिच्ने, माओवादी जेनजी रेडफोर्स गठन गर्ने र जेनजीको आडमा सातिर प्रचण्डले फेरि अध्यक्ष पद फुत्काउने जस्ता दाउपेच खोज्दै गरे तर पनि पार्टी भित्र विरोधका स्वर झन उचालिन थाले । न रहे बाँस न बजे बाँसुरी भने झैं अब अध्यक्ष पद जाने भएपछि माओवादी पार्टी नै विघटन गर्नेसम्मको मनोगत निर्णयमा पुगे अस्थिर प्रचण्ड ।

एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल पतञ्जली जग्गा घोटाला काण्डमा डामिएपछि उनी विरुद्ध पनि पार्टीमा आवाज उठिरहेको थियो । पूर्वाग्रहले उनलाई कारबाही गरिएको कुरा दुनियाँलाई थाहा छ, तर पतञ्जली मा मात्र होइन, बालुवाटार जग्गा घोटाला काण्डमा पनि यिनी मुछिएका छन त्यो पनि जगजाहेर छ । उस्तै अपराध गरेका कोही सत्तासीन भएर जोगिए भने सत्ता बाहिर परेका कोही जाकिए । आरोप उजुरी र सजायमा एकरूपता भएन भन्ने मात्र हो नत्र माधव नेपाल निस्कलंक र स्वच्छछवि भएका व्यक्ति हुँदै होइनन् । मरेको सिनो काँधमा बोकि हिंड्नु हुँदैन भन्ने कटाक्ष हुन थालेपछि यिनलाई पनि पार्टीमा मुस्किल पर्दै थियो । कानुनी फन्दामा परेका र जनाक्रोशको तारो बनेका अभियुक्तहरु आ आफ्नो पार्टी विघटन गरेर फेरि पार्टी अध्यक्ष पड्काउन र टाउको जोगाउनका लागि नयाँ पार्टी खोलेर जग हँसाएका छन ।

आफू र आफ्नो परिवारको स्वार्थका लागि पार्टी विघटन गर्न ठूलो पार्टीमा विलय हुन र नयाँ पार्टी खोल्न प्रचण्डलाई कुनै ईमान आदर्श विचार र नैतिकताले छेक्दैन । यिनको विगत को गतिविधि र कुकर्मका बारेमा जनता जानकार छँदैछन ।

कसको तागतमा हिजो माओवादी त्यसरी मौलाएको थियो भन्ने विषयमा अनेक पुस्तक प्रकाशन भएका छन । दिग्गज व्यक्ति व्यक्तित्त्वका व्याख्या विश्लेषण प्रशारण भैरहेका छन त्यतातिर पनि समिक्षा गरौं । भारतीय काँग्रेस आइकी नेतृ सोनिया गांधीको अवधारणाबाट माओवादीको जन्म भएको भन्ने कुरा भारतीय जासुसी संस्था "र" का पूर्वनिर्देशक अमर भूषणले आफ्नो पुस्तक इन्साइडर नेपालमा यसको खुलासा गरेका छन । हामीले माओवादी गठन गरिदिंदा कालान्तरमा यिनीहरू चीनतर्फ आकार्षित भएर हामीलाई आपत पछ्र्कर्ी भनी शंसय जाहेर गर्दा यो राजनीति हो तपाईं त्यति बुझ्नुहुन्न भनी सोनिया गांधीले जवाफ दिएको भन्दै भारतीय भूतपूर्व सेनापति जेडी बक्सीले मिडियाबाट विस्तार गरिरहेका छन । द्वन्द्व कालमा भारत लखनउको सरकारी गेस्ट हाउसमा प्रचण्ड, बाबुराम भट्टराई लगायतका नेतृत्वलाई भेटे गरेपछि आन्दोलन धोका रहेछ भन्ने बुझिएको थियो भन्दै राजनीति विश्लेषक भरत दाहालले मिडियामा सविस्तार गरिरहेका छन । प्रयोगशाला र तुषानल जस्ता चर्चित नेपाली पुस्तकहरुले पनि समय र सन्दर्भ खुलाएर यसलाई पुष्टि र व्याख्या गरि रहेका छन ।

राजतन्त्र, संसदीय पार्टी र भूमिगत माओवादीको त्रिकोणमा शक्ति तानातान हुँदा तत्कालीन सात पार्टी र माओवादी पार्टी दिल्लीमा अंकमाल गरेपछि स्वभावतः राजा कमजोर हुँदै गए । दिल्लीको आशिर्वाद प्राप्त १२ बुँदेको आड लिंदै आन्दोलन छेडियो । आन्दोलित जनतालाई थाङ्नामा सुताउँदै राजासँग सम्झौताबाट स्वार्थ सिद्ध गरियो । माओवादी समेतलाई एकैचोटि सिंहदरबारमा राजकीय पद पाउने, रजगज गर्ने, मह काढ्ने र हात चाट्ने अवसर मिल्यो । राजासँग जनताको आक्रोश सेलाएको थिएन भने तत्कालीन सात पार्टीसँग पनि तुष बाँकी नै थियो । त्यसकारण २०६४ सालको संविधान सभा निर्वाचनमा माओवादी सबैभन्दा ठूलो पार्टी दर्ज हुन आयो । निर्वाचन परिणामले प्रचण्डको अहंकार यति चुलियो कि उनले कसैलाई गन्न खोजेनन् । माओवादीका सेनानीहरु मोहन वैद्य, बाबुराम भट्टराई, नेत्रविक्रम चन्द, राम बहादुर थापा सिपी गजुरेल लगायतका व्यक्तितब लाखापाखा लागे तर प्रचण्डलाई तत्काल कुनै प्रभाव परेन किनकि राज्यसत्ता उनको हातमा थियो । नयाँ बादशाह बन्ने पूरा तयारीका साथ उनले सेनामा हात हाले । पराजित भएपछि सत्ताको बागडोर

मात्रै फुत्किएन प्रधानमन्त्री पदबाट राजीनामा बुझाउनु पर्ने वाध्यात्मक परिस्थिति पनि निर्माण भयो । स्वयं प्रचण्ड र पक्षधरहरुले यो बाध्यतालाई घरीघरी नैतिकतासँग जोडेर व्याख्या गर्न तुलिन्छन । यदि त्यो नैतिकता नै थियो भने उनको ठाउँमा प्रधानमन्त्री भएका माधवकुमार नेपालका विरुद्ध देशभरका माओवादी कार्यकर्ता राजधानीमा उतारेर तुरुन्त राजीनामा माग्नुपर्ने कारण के थियो ? यो प्रश्नले नै उजागर गरिदिन्छ उनको नैतिकता र वास्तविकता । कमाउन हैहुकुम चलाउन र अहंकार देखाउन उनी फेरि सत्ता प्राप्ति का लागि छट्पटाएका थिए ।

जनता र मिडियाको नाइँनास्ती गर्दागर्दै र नागरिक समाजले रोक्नका लागि डेलिगेसन जाँदा समेतका बाबजुद पनि हिजो प्रचण्डको अग्रसरतामा लोकमान सिंह कार्की नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखमा नियुक्त गरिए । अख्तियारका आडमा कार्कीले असुली धन्दा चलाउन थाले भनी मिडियाले खबर प्रशारण गरे । माओवादीसँग बखेडा चुलिंदै जाँदा कार्की क्यान्टोनमेन्टको घोटाला छानबिन गर्ने अन्तिम तयारीमा थिए । रातारात महाअभियोग दर्ता गरेर पदमुक्त गर्ने प्रपञ्च गरिरहेको माओवादीले कार्कीलाई सामना गर्ने मौका नै दिएन किनकि कार्कीले माओवादीको धोती खुस्काइदिन सक्छन् भन्ने त्रास थियो । यसैगरी आफ्नो स्वार्थमा बाधा अड्चन परेका कारण माओवादीले काँग्रेस लाई उचालेर तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्की लाई समेत महाअभियोग लगाएको कुरा जगजाहेर छ । कसुर प्रमाणित गर्ने कुनै आधार प्रमाण नभएपछि आन्तरिक सहमतिमा कारबाही फुकुवा गरिएको थियो । प्रधान्यायाधीश मा चोलेन्द्र सम्सेर जबरालाई नियुक्ति दिंदा पनि न्यायपरिषद मा ठूलो विवाद भएको र प्रचण्डले नै नियुक्तिका लागि निकै कसरत गरिरहेको भनी राष्ट्रिय जनमोर्चाका नेता तत्कालीन सांसद चित्रबहादुर केसीले छर्लङ्ग पारेका थिए । राणासँग पनि स्वार्थ बझिदा वस्तुगत कुनै कारण उल्लेख नगरी उनै प्रचण्डले नै महाअभियोग लगाएर मुद्दा टंगाइदिए । राणाको महाअभियोग हालसम्म छिनोफानो हुन सकिरहेको छैन ।

जनभेला र समारोहमा सुशासनको भाषण गरेर नथाक्ने प्रचण्ड कार्यशैलीको एउटा उदाहरण पेश गरौं । बैरागी उपनामका कोही व्यक्ति नेपाल सरकारको मुख्य सचिव पदमा थिए । बैरागी पछि योग्यताको आधारमा दोस्रो सचिव को पालो आउनुपर्ने हो तर उमेरका कारण बैरागी भन्दा अगावै अवकाशमा जानुपर्ने हुँदा मुख्यसचिवमा उनको सम्भावना थिएन । दोस्रो योग्यताको व्यक्ति उमेरहदका कारण मुख्यसचिव बन्ने आधार नभएपछि तेस्रो योग्यताका सचीव नै मुख्यसचिव बन्ने निश्चित जस्तै थियो । तत्कालीन प्रधानमन्त्री प्रचण्डले एकाबिहानै मन्त्रीपरिषदको राखेर बैरागीलाई नियुक्ति दिनका लागि सुरक्षा परिषदमा नयाँ पद सिर्जना गरेर समय अवधि हुँदाहुँदै मुख्यसचिव पदबाट राजीनामा दिन बाध्य पारे । सम्भावना नभएका दोस्रो योग्यताका सचिवलाई मुख्यसचिवमा नियुक्ति गरे भने सम्भावना निश्चित जस्तै भएका तेस्रो सचिवलाई उत्तानो पारिदिए । त्यसकारण प्रचण्डबाट कसैले सुशासनको आशा राख्नु मृगतृष्णा बाहेक केही हुन सक्दैन ।

आर्थिक मामिलामा पनि प्रचण्ड विवादबाट अलग छैनन् । माओवादी लडाकु शिविरमा घोटाला भएको भन्ने विषयमा व्यापक चर्चा चलिरहेको थियो । अख्तियार प्रमुख लोकमान को कार्यकालपछि घोटाला सम्बन्धि फाइल अगाडि बढ्न सकेको छैन । पुराना माओवादी नेता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) ले प्रचण्ड पुत्र प्रकाश दाहालका नामबाट दुबईमा ४१ अर्ब रकम रहेको पुत्रको मृत्युपछि प्रचण्डलाई त्यो रकम ल्याउन ठूलो टेन्सन भएकोले वामदेवजीलाई जिम्मा दिनु भएको छ भन्ने ढंगबाट सार्वजनिक रूपमा आरोपित गरेका छन । प्रकाश दाहालको मृत्युपछि प्रचण्डले श्रीमती र दुई छोरी लिएर दुबई भ्रमण गरेका थिए । श्रीमती सीता दाहाल ले इच्छा प्रकट गरेको हुँदा भ्रमण गरिएको भनी प्रचण्डबाट कारण खुलाइए पनि हावा चल्ने र रुख ढल्ने पालो सँगसँगै भएको हो वा के हो शंका त स्वभाविक रूपमा गहिरिंदै जाने नै भयो ।

प्रचण्डले आफ्नी नातिनीको बिहेमा २० करोड खर्च गरेका छन भन्ने ढंगबाट पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले पनि सार्वजनिक रूपमा बोलिसकेका छन । त्यत्रो रकम खर्च भएको एकिन होकि होइन थाहा छैन तर पाँचतारे होटलमा भव्यताका साथ विवाह सम्पन्न भएको त ध्रुवसत्य नै हो । जीवन क्रान्तिमा होमेको सर्वहारा वर्गको नेतालाई कसरी पुग्छ पाँचतारे होटेलबाट तामझाम सहित विवाह सप्पन्न गर्न ? यो एउटा गम्भीर प्रश्न हो । यस्ता कैयन प्रश्नहरुले प्रचण्डको आर्थिक घोटालामा प्रहार गरिरहेका छन । जस्तै दूरसञ्चार सेवा प्रदायक संस्था एनसेलको कमिसन काण्डमा हिजो प्रचण्ड पुत्री तथा स्वकीय सचिव गंगा दाहालको नाम जोडेर तत्कालीन सांसद डा. अमरेश कुमार सिंहले निरन्तर आरोप लगाइरहे । छानबिन आयोग गठन गरियो र काण्ड दामदुम पारियो । सय किलो सुन तस्करी काण्डले देशमा खैलाबैला मच्चायो, अनुसन्धान माओवादीकै दैलाभित्र छिर्‍यो । त्यसको प्रतिवेदन पनि कार्पेटमुनि लुकाइयो । गंगा दाहालले बोक्ने गरेको ५ लाखको ब्याग र नाडीमा लगाउने ३५ लाखको घडी मात्र होइन प्रचण्डको हातमा देखिने ८० लाखको घडीको पनि मिडियाले महत्त्व दिएर चर्चा गरिरहेका थिए तर प्रचण्डले न चित्तबुझ्दो जवाफ दिए न खण्डन गरे । यसैबाट प्रष्ट हुन्छ आर्थिक मामिलामा उनको नियत ।

उपल्ला स्तरका माओवादी नेता पार्टी छोडेर छिन्नभिन्न हुँदा आर्थिक अनियमितता भएको र बाँडफाँडमा प्रचण्डले एक लौटी गरेको भन्ने ढंगबाट सामाजिक संजाल र व्यक्ति व्यक्ति का बीचमा अनेक हल्ला आइरहन्थे । हल्लामाथि सत्यतथ्य कसि लगाउने आधार प्रमाण केही थिएन । सतही हल्ला लाई पुष्टि गर्नेगरी बेलायती नागरिक टम बरजिसको एउटा पुस्तक प्रकाशित भयो कुकुल्याण्ड । यस पुस्तकको सारांस सहितका खबर मिडियामा प्रशारण भयो । सारांसले नव धनाढ्य अजय सुमार्गीसँग प्रचण्डको सम्बन्ध मात्रै जोडेको छैन, माओवादीले अवैध रूपमा आर्जन गरेको सम्पत्ति सुमार्गी मार्फत परिचालन गरेको भनेर पनि उल्लेख गरेको छ । विगतमा कुनै दिन सुमार्गीका नाममा बाहिरबाट आएको ठूलो परिणामको रकम राष्ट्र बैंकले रोकेपछि रकम निकासा गर्न प्रचण्डले बैंकलाई दबाब दिने गरेको खबर मिडियामा प्रशारण भैरहेको थियो, कतिपय पाठकको जानकारीमा पनि होला ।

रेलगाडी चलिसक्यो जो चढ्छ चढ्छ, नचढ्ने छुट्छ भनेका प्रचण्डले फेरि धाक लगाउँदै भनेका छ्न,नेपाली कम्युनिस्ट पार्टीलाई १ नम्बरको पार्टी बन्नबाट अब कसैले रोक्न सक्दैन । यसो भनिरहँदा उनको एउटा बकबास पुरानो भिडियो मथिङ्गलमा प्रकट हुन आयो,१० वर्ष भित्रमा यो देशलाई दक्षिण एशियाको त सबभन्दा अगाडि लान्छौं लान्छौं । तर अहिलेसम्म देश म्युजिकल चियरका यिनै खलपात्रले तन्नम बनाइदिए थिए । त्यस्ता १० वर्ष कति बितेर गए गए । लाज सरम हराइसकेका प्रचण्डलाई उड्न्ते र हावादारी गफ अनि दन्तबजानका लागि कसैले पराजित गर्न सक्दैन ।

प्रचण्डले आफुलाई जतिसुकै चलाक ठाने पनि यो प्रविधिको जमानामा उनको चतुर्‍याइँ र चलखेल बौद्धिक वर्गले मात्र होइन, नेपाली राजनीतिलाई दुर्गन्धित, घृणित र बिषाक्त बनाउने पहिलो नाम कथित प्रचण्ड हुन भनी उनकै पार्टी भित्रका नेता कार्यकर्ताले पनि बुझिरहेका छन । स्वार्थका लागि माओवादी पार्टी विसर्जन गरेको पहिलो पटक होइन । प्रधानमन्त्री पदको भोकले व्याकुल पार्दा हिजो एमालेमा पनि विलय भएकै हुन । स्वार्थ बाझिदा पार्टी मात्रै छिन्नभिन्न भएन, एमाले अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग उनको बोली बाराबार समेत भएको थियो । चुनाव पछि ओलीले हरियो घाँस देखाइदिंदा आफ्नो इज्जत माटो मा मिलाएर बालकोटमा पुगि हात हल्लाएको कोही कसैले भुलेका छैनन् । राणाकालिन परिवेशको झल्को दिनेगरी आफू सत्तासिन भइ परिवार र नातागोता लाई राजकीय पदमा पुर्‍याइ छोड्ने अभिष्टका कारण राजनीति चरीत्र र नैतिकतामा प्रचण्ड दिनानुदिन स्खलित भैरहेका छन । कम्युनिस्टको खोल ओढेर देश लुटेका कारण कम्युनिस्ट पार्टीसँग मात्र होइन शब्दसँग पनि घृणा लाग्न थालेको छ । बर्मा गयो कर्म सँगै भने झैं जनताले भर विश्वास गर्न छोडेका कारण प्रचण्ड कम्पनीले नयाँ पार्टी खोले पनि व्यहोरा प्रवृति र नियतका कारण राजनीतिको रेलगाडी पतन यात्रामा बेतोड दौडिरहेको देखिन्छ ।

## ठेकेदारको...

राजमार्गको हातीसार-हर्रे खण्डमा विशिष्ट मर्मत कार्यको कडा फुटपाथ, संरक्षण कार्य तथा नाली निर्माण र रत्न राजमार्गको राँझा-कोहलपुर खण्डमा रमाइन स्लरी सिलसहित सडक सतहको मर्मत गर्ने ठेक्का अलपत्र अवस्थामा रहेको छ ।

त्यसैगरी, कोहलपुर-कर्णाली खण्डमा नियमित मर्मत कार्यअन्तर्गत साइड ड्रेन निर्माण, सडक साइड सुरक्षा र ट्राफिक सुरक्षा कार्यको ठेक्का सम्झौता गरेको बाँकेको एसएस निर्माण सेवा प्राली, रत्न राजमार्गको देउराली-हर्रे खण्डमा नियमित मर्मत कार्यअन्तर्गत प्याचिङ र गमला मर्मतको ठेक्का सम्झौता गरेको मुगुको गगन निर्माण सेवा, रत्न राजमार्गको हातीसार-हर्रे खण्डमा विशिष्ट मर्मत कार्यअन्तर्गत कडा फुटपाथ, संरक्षण कार्य र नाली निर्माणको ठेक्का सम्झौता गरेको जाजरकोटको थापा कन्स्ट्रक्सन सेवा तथा रत्न राजमार्गको राँझा-कोहलपुर खण्डमा रमाइन स्लरी सिलसहित सडक सतहको मर्मत गर्ने ठेक्का चितवन भरतपुरको सविक निर्माण सेवासँग सम्झौता भएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी इञ्जिनियर रामसागर हरिजनले जानकारी दिए ।

समयमै निर्माण कार्य नगरी योजना अलपत्र पार्ने ठेकेदार कम्पनीसँग सडक डिभिजनले सम्झौता रद्द गर्ने प्रक्रिया सुरु गरेको छ । रत्न राजमार्ग र पूर्व-पश्चिम राजमार्गमा निर्माण कार्यका लागि ठेक्का सम्झौता गरी काम नगरेका कारण चार ठेकेदार कम्पनीको ठेक्का सम्झौता रद्द गर्न लागिएको सूचना अधिकारी इञ्जिनियर हरिजनले बताए ।

सडक डिभिजन कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सडक निर्माण आयोजनामा तोकिएको समयसीमाभित्र काम नगरेका ठेकेदार कम्पनीलाई कारण देखाउन आग्रह गरेको हो ।

सडक डिभिजन कार्यालयका अनुसार यी आयोजनाका लागि ठेक्का सम्झौता भएर पनि काममा ढिलाइ भएकाले प्राविधिक तथा प्रशासनिक ढिलाइबारे स्पष्टीकरण मागिएको हो ।

सडक डिभिजन कार्यालयका प्रमुख सिनियर डिभिजन इञ्जिनियर भट्टले तोकिएको समयसीमा नमान्ने कम्पनीविरुद्ध कडा कदम चाल्न आवश्यक रहेकाले पहिला स्पष्टीकरण सोधिएको जानकारी दिए ।

## विश्व

### चीनद्वारा अमेरिकामा ग्यालियम, जर्मेनियम र एन्टिमोनी निर्यात प्रतिबन्ध अस्थायी रूपमा स्थगित

**बेइजिङ, २३ कार्तिक ।** वाणिज्य मन्त्रालयले आइतबार संयुक्त राज्य अमेरिकातर्फ निर्यात हुने केही रणनीतिक सामग्रीहरूमा लागू गर्दै आएको प्रतिबन्ध अस्थायी रूपमा निलम्बन गर्ने घोषणा गरेको छ । यस अन्तर्गत ग्यालियम, जर्मेनियम, एन्टिमोनी तथा सुपरहार्ड सामग्रीहरूजस्ता दोहोरो प्रयोग हुने वस्तुहरू समावेश छन् ।

मन्त्रालयले सार्वजनिक गरेको विज्ञप्तिअनुसार यो निलम्बन चीनको सन् २०२४ को घोषणा नम्बर ४६ को दोस्रो खण्डमा लागू हुनेछ । यसलाई सन् २०२५ नोभेम्बर ९ देखि सन् २०२६ नोभेम्बर २७ सम्मका लागि स्थगित गरिनेछ । उक्त खण्डले विशेषगरी अमेरिकातर्फ यस्ता सामग्रीहरूको निर्यातमा प्रतिबन्ध लगाएको थियो र ग्रेफाइटजस्ता वस्तुहरूका लागि थप कडा समीक्षा प्रक्रिया अनिवार्य बनाएको थियो ।

तर, वाणिज्य मन्त्रालयले यो अस्थायी निलम्बनले घोषणाको दोस्रो खण्डमा मात्र प्रभाव पार्ने स्पष्ट पारेको छ । अमेरिकी सैन्य प्रयोगकर्ताहरू वा सैन्य प्रयोजनका लागि दोहोरो प्रयोग हुने वस्तुहरूको निर्यातमा पूर्ण प्रतिबन्ध लगाउने पहिलो खण्ड भने यथावत रहनेछ ।

चिनियाँ ग्लोबल टाइम्सका अनुसार यो निर्णय चीन र अमेरिकाबीच हालै भएको उच्चस्तरीय वार्ताको परिणामस्वरूप आएको हो । यसअघि, सन् २०२४ डिसेम्बरमा जारी गरिएको चिनियाँ निर्यात नियन्त्रण कानूनले कुनै पनि संस्था वा व्यक्तिले चिनियाँ मूलका दोहोरो प्रयोगका वस्तुहरू अमेरिकी संस्थाहरूलाई अनधिकृत रूपमा हस्तान्तरण गरे कानूनी कारबाहीको सामना गर्नुपर्ने चेतावनी दिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ ।

**वृष** — वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ ।

**मिथुन** — अवसर प्राप्त भए पनि परिस्थितिवश काममा बाधा होला । बेसुरको निर्णयले समस्या निम्त्याउनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ ।

**कर्कट** — खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । दिगो योजनाका लागि ऋण लिनुपर्ने हुन सक्छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला ।

**सिंह** — दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ ।

**कन्या** — कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । विशेष भेटघाटले काममा उत्साह बढाउला ।

**तुला** — प्रतिष्ठित काम गरेर समाजमा स्थापित हुने समय छ । सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । समस्या दर्साएर पनि सहयोगीहरू फेला पार्न सकिनेछ ।

**वृश्चिक** — व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले समस्या पर्नेछ । काम दोहोर्याउनुपर्ने स्थिति आउनाले लागत बढ्न सक्छ ।

**धनु** — दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । परिवेश उल्लासमय रहनेछ । व्यापार बढ्नाले मनग्य लाभ हुनेछ ।

**मकर** — पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ । प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् ।

**कुम्भ** — शुभचिन्तकहरूले साथ दिनेछन् । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । पढाइलेखाइमा प्रगति हुनेछ । गुरुजनको सुझाव र सहयोगबाट विशेष लाभ हुनेछ ।

**मीन** — प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ ।

# सुरक्षण मुद्रण केन्द्रको सञ्चालनपछि अर्बौंको बचत

**युग संवाददाता**
**काभ्रेपलाञ्चोक, २३ कार्तिक ।** काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-५ मा रहेको सुरक्षण मुद्रण केन्द्र (सेक्युरिटी प्रिन्टिङ प्रेस)लाई आगामी छ महिनाभित्र पूर्ण रुपमा सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। केन्द्रले लक्ष्यअनुसारको योजना सफल भए यस अवधिभित्र नौ प्रकारको कागजमा आधारित सेवा उपलब्ध गराउन सक्ने जनाएको हो।

हालसम्म केन्द्रमा व्यवस्थित गरिएका अन्तःशुल्क स्टिकरलगायत छपाइका मेसिनहरु पुनःप्रयोगमा ल्याउन सरसफाइ एवं जडान गरी पूर्ण रुपमा सञ्चालनमा ल्याउन छ महिना लाग्ने जनाइएको छ। कतिपय मेसिन सञ्चालनमा ल्याउन विदेशबाट समेत जनशक्ति ल्याउनुपर्ने भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतको सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाले जानकारी दिए।

उनका अनुसार केन्द्र पूर्ण रुपमा सञ्चालनमा ल्याउन सकिए नागरिकता, अन्तःशुल्क स्टिकर, लालपुर्जा, हुलाक टिकट, भिसा स्टिकरलगायत नौ प्रकारका कागजमा आधारित सेवा उपलब्ध गराउन सकिनेछ। "कागजात, कार्ड र बैंक नोटमा आधारित सेवाका लागि केन्द्रले अलगअलग योजना निर्माण गरिरहेको छ", ढुङ्गानाले भने।

केन्द्रमा हालसम्म भौतिक निर्माणलगायत उपकरण व्यवस्थापनमा रु तीन अर्बभन्दा धेरै लगानी भइसकेको जनाइएको छ। ढुङ्गानाका अनुसार केन्द्रमा रु ५० करोडका मेसिन जडान गरिसकिएको छ। जनशक्ति तथा उपकरण व्यवस्थापन गर्न सकिए केन्द्र ११ प्रकारका सेवा उपलब्ध गराउन सक्षम रहेको ढुङ्गानाको भनाइ छ।

उनले भने, "खरिद नियमावली १४ औं संशोधनले अवरुद्ध ठेक्काका लागि खुला भएको छ भने केन्द्रभित्रका सातवटा ठेक्का पनि भएका छन्, केन्द्रलाई नियमितता दिन सकिए छपाइका नाममा नेपाल सरकारबाट विदेसिने अर्बौं रकम जोगिने छ।"

यसैबीच केन्द्रमा शुक्रबारदेखि सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छाप्न सुरु गरिएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले गत शुक्रबार केन्द्रमा रहेको मेसिनबाट छपाइ शुभारम्भ गर्नुभएको छ। सो अवसरमा खरेलले कानुनी उल्भन र विविध कठिनाइका बाबजुद आवश्यक प्रबन्ध मिलाएर लाइसेन्स छपाइ सुरु गरिएको बताएका थिए। हाल २८ लाख ड्राइभिङ लाइसेन्स छाप्नुपर्ने अवस्था रहेको मन्त्री खरेलको भनाइ थियो।

---

## चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**अवलचिङ्ग, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति: २०८२/०७/२४)**

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको सूचना(कोटेशन) अनुसार प्राप्त दरभाउपत्रहरुमध्ये निम्नानुसार दरभाउपत्रदाताको दरभाउपत्र अधिकतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त दरभाउपत्रसँग सम्बन्धित सबै दरभाउपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

**तपसिल**

| SN | Contract Identification No | Name of contract | Name of lowest evaluated substantially responsive bidder | Bid Price of Highest evaluated substantially responsive bid (Including vat) |
|---|---|---|---|---|
| 1 | CRM/SQ/River Materials/06/2082/083 | Extraction, Collection and Selling of Rivwr found materials at Chingad Khola | Shishir and Basanta Nirman Sewa Chingad -2, Surkhet | NRs. 13,21172.19 |

.......................................
**मणिराम खराल**
**प्रमुख प्रशासकीय अधिकृत**

---

## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**अत्तरिया, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## कृषि कार्यक्रम संचालन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०७।१६**

गोदावरी नगरपालिका अत्तरिया कैलालीको चालू अ ब. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले इच्छुक कृषक / कृषक समुह / कृषि फार्महरुले यो सूचना प्रकासन भएको मितिले ७ दिन (मिति २०८२/७/२२गते) भित्र तिशिलका कागजात संलग्न राखि यस कार्यालयको कृषि विकास शाखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारी को लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र सं | कार्यक्रमको नाम | अवश्यक कागजात | रु बजेट | इकाइ | अनुदान प्रतिशत | खेति गर्नु पर्ने न्युनतम क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १. | तरकारी बाली विकास कार्यक्रम (तरकारी मिनीकिट) | १. कार्यक्रम माग सम्बन्धि रु १० को हुलाक टिकट टाँस गरेको अबेदन पत्र।<br>२. खेति गरिने जग्गाको अधिकारिकता खुल्ने प्रमाण पत्र (लालपुर्जा / भुमि अयोग बाट वितरित निस्सा) को प्रतिलिपि।<br>३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।<br>४. कृषक समुह, कृषि फर्म को हकमा प्रमाण पत्रको प्रतिलिपी, कार्यक्रम माग सम्बन्धि निर्णयको प्रतिलिपी।<br>५. ब्यवसायिक रुपमा खेति गर्ने कृषक समुह कृषि फर्महरुलाइ प्राथमिकता मा राखिने छ। | ३.० | हेक्टर | १००% | ५ (पाँच) कठ्ठा |
| २. | च्याउ खेति प्रवर्द्धन कार्यक्रम | १. रु १० को हुलाक टिकट टाँस गरेको अबेदा पत्र।<br>२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।<br>३. ब्यवसायिक रुपमा खेति गर्ने कृषक समुह कृषि फर्महरुलाइ प्राथमिकता मा राखिने छ। | ४.० | संख्या | ५०% | न्युनतम १०० प्याकेट (२०० ग्राम प्याकेट) |

**थप जानकारीको लागी**

**गोदावरी न पा अत्तरियाको कार्यालय कृषि विकास शाखा कैलाली।**
**फो नं ९८४८४२५००४, ९८४८७४०८८७**

**प्रमुख प्रशासकीय अधिकृत**

---

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## करार शिक्षक छनोट सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०७/२३)**

प्रस्तुत विषयमा वीरेन्द्रनगर नगर कार्यपालिकाको मिति २०८२/०७/१२ गतेको निर्णय बमोजिम यत्स नगरपालिकाको शिक्षा ऐन, २०७४ (तेस्रो संशोधन। को दफा २४ को उपदफा (२) बमोजिम देहायको विद्यालयका लागि तपसिल बमोजिमको शिक्षक पदमा यस नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम देहायको पदमा खुला प्रतिस्पर्धात्मक प्रक्रियावाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयको प्रशासन शाखामा जावेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

| क्र. स. | विज्ञापन नं. | विद्यालयको नाम, ठेगाना | पद | तह/श्रेणी | प्रकार | विषय | माग पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ०४।२०८२।०८३ | श्री जनसेवा मा.वि. वी.न.पा.-१०, घुस्रा, सुर्खेत | शिक्षक | माध्यामिक/तृतीय | नगर अनुदान | नेपाली | १ |
| | | | | | | सामाजिक | १ |
| २ | ०५।२०८२।०८३ | श्री भैरव मा.वि. वी.न.पा.- ४, भैरवस्थान, सुर्खेत | शिक्षक | माध्यामिक/तृतीय | नगर अनुदान | नेपाली | १ |

क) **परीक्षाको किसिमः** लिखित र अन्तर्वार्ता।
ख) **पाठ्यक्रमः-** शिक्षक सेवा आयोगद्वारा तोकिए बमोजिम।
ग) **आवश्यक न्युनतम शैक्षिक योग्यताः-** माध्यमिक तहको लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाली विषयमा लागि नेपाली विषयमा स्नातक वा सो सरह र सामाजिक विषयका लागि जुनसुकै विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।
घ) **उमेर हदः-** दरखास्त बुझाउने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
ङ) **पारिश्रमिक :-** वीरेन्द्रनगर नगरपालिकाले तोके वमोजिम।
च) **दरखास्त दस्तुर**ः- रु. १०००।-
छ) **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः-** देहायका प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफूले नै प्रमाणित गरी दरखास्त साथ पेस गर्नुपर्नेछ।
१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. सम्वन्धित पदको लागि न्यूनतम शैक्षिक योग्यता तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि
३. सम्वन्धित तहको स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।
४. तालिम तथा अनुभवको प्रमाणपत्र।
५. नगरपालिकाको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको नगदी रसिद।
ज) **दरखास्त वुझाउने अन्तिम मिति :-** २०८२/०७/२९ गते सम्म र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समयमा र दोब्बर दस्तुर तिरी अन्तिम मितिको भोलिपल्ट १ दिन।
झ. शिक्षक छनोट सम्वन्धमा थप अन्य निर्णय लिने अन्तिम अधिकार यस कार्यालयमा रहनेछ।

**सम्पर्क मितिः-** २०८२/०८/०२ गते कार्यालय समय भित्र र सो दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र।
विस्तृत जानकारीका लागि यस नगरपालिकाको वेबसाईट www.birendranagarmun.gov.np मा हेर्नुहुन वा यसै कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा/ प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

**बरिष्ठ उपसचिव**

---

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

## शिक्षण सिकाइ सहजकर्ताको म्याद थप सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०७/२३**

कोहलपुर नगरपालिका शिक्षण सिकाइ सहजकर्ता कार्यविधि २०८० को बुदाँ ७ बमोजिम मिति २०८२ कार्तिक १२ गते प्रकाशित. सूचनानुसार देहायको पदमा पदपूर्ति प्रयोजनका लागि आवश्यक योग्यता पुगेका उम्मेदवारहरुबाट पर्याप्त मात्रामा दरखास्त पेश नभएकोले साविकको दरखास्तलाई यथावत राखि मिति २०८२ कार्तिक २५ गतेसम्म म्याद थप गरी दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

| क्र. सं. | तह | विषय | संख्या | विज्ञापन नं | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | आधारभूत तह | गणित | १ | ०५/०८२/८३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। |

**१. उम्मदेवारमा हुनु पर्ने न्यूनतम आवश्यक योग्यता :**
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

**२. उम्मदेवारले अनिवार्य रुपमा पेश गर्नु पर्ने थप आवश्यक कागजातहरू :**
- नगरपालिकाले निर्धारण गरेको दरखास्त फाराम (शिक्षा तथा खेलकुद शाखाबाट लिन सकिने)
- आधारभूत तहको लागि रु. ७००/- को परीक्षा दस्तुर जम्मा गरेको सक्कल रसिद
- कोहलपुर नगरपालिकाको स्थायी बासिन्दा रहेको उम्मेदवारले नागरिकता वा बसाइसराइ वा वैवाहिक कारण कोहलपुरको स्थायी बासिन्दा हुने महिलाको हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि

**३. परीक्षा सम्बन्धी थप प्रावधान :**
- परीक्षाको माध्यम लिखित तथा मौखिक हुनेछ र आवश्यक परेको खण्डमा प्रयोगात्मक परीक्षा समेत लिन सकिनेछ।
- परीक्षा सम्बन्धी थप कार्यतालिका दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट सार्वजनिक गरिनेछ।
- परीक्षासम्बन्धी पाठ्यक्रम शिक्षण सिकाइ सहजकर्ता कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ। (कार्यविधि अनुसार शिक्षक सेवा आयोगले निर्धारण गरेको विषयगत परीक्षा र अन्तरवार्ता मात्र संचालन गरिनेछ भने सामान्य वा वस्तुगत परीक्षाको प्रावधान रहने छैन।)
- नगरपालिकाले निर्धारण गरेको ढाँचाको फोटो सहितको दरखास्त फाराम दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/०७/२५ गते कार्यालय समयभित्र मात्र शिक्षा तथा खेलकुद शाखामा। रीत नपुगेको र तोकिएको समयभन्दा पछि प्राप्त दरखास्त स्वीकृत गरिने छैन।
- सिकाइ सहजकर्ताको पारिश्रमिक तथा सेवा सुविधा शिक्षण सिकाइ सहजकर्ता कार्यविधि २०८० को दफा १६ बमोजिम कायम गरिनेछ।
- लिखित परीक्षामा सफल हुने उम्मेदवारलाई करार सूचीमा राखी आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयमा खटाइनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**

# निर्माणमा ढिलासुस्ति गर्दा अझै कालोपत्र हुन सकेन बेलौरी-कलुवापुर सडक

**◣युग संवाददाता**
**कञ्चनपुर, २३ कार्तिक ।** जिल्लाको दक्षिणी क्षेत्र जोड्ने बेलौरी-कलुवापुर सडक कालोपत्र अझै पूरा हुनसकेको छैन।

सडक खण्डको बन्साह वनक्षेत्र हुँदै कलुवापुरसम्मको सडक अझै कालोपत्र हुन बाँकी छ। झण्डै तीन किलोमिटर सडक कालोपत्र नहुँदा स्थानीयवासी धुलाम्मे र खाल्डाखुल्डी सडकमा सास्ती खेप्न बाध्य छन्।

वि.सं २०७८ मा निर्माण कम्पनीले सडक कालोपत्र गर्ने ठेक्का लिएको हो। निर्माण व्यवसायीको ढिलासुस्तीका कारण कामले गति लिनसकेको छैन। कालोपत्रका लागि स्थानीय बासिन्दाले पटक पटक सडक बन्द गरेर दबाब दिँदै आएका छन्।

## महाकाली करिडोरः योजनामा उत्साह, कार्यान्वयनमा निराशा

**◣युग संवाददाता**
**कञ्चनपुर, २३ कार्तिक ।** भीमदत्त नगरपालिका-९ टुडिखेलका लोकबहादुर थापामगर २०६५ सालमा डडेल्धुराको जोगबुढाबाट बसाइँ सरी यहाँ आए। त्यतिबेला कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको टिङ्करसम्म महाकाली करिडोर निर्माण हुने खबरले उनमा उत्साह थियो। करिडोर यातायातको सुविधामात्र नभइ अवसरको ढोका पनि रहेकाले व्यापारका नयाँ सम्भावना खुल्ने अपेक्षा थापामगरमा थियो।

आफ्नै घर छेउबाट सडक निर्माण हुने भएपछि यहाँका स्थानीयको आर्थिक अवस्था फेरिने आशा पलाएको थियो। तर उक्त सडक निर्माण हुन्छ भनेको सुनेको पनि डेढ दशक भइसकेको छ। “त्यो बेला सडक निर्माण हुन्छ भन्ने सुनेपछि धेरै खुसी भएका थियौं”, थापामगरले भने, “एकातर्फ महेन्द्रनगर बजार सहज पहुँच हुने र सडक बनेपछि शिक्षा, स्वास्थ्य र व्यापार हुने ठूलो आशा थियो तर अहिलेसम्म बनेन।”

उक्त क्षेत्रमा करिडोरको ट्र्याक खुलेको छ तर यात्रा गर्न सजह छैन। वर्षात्को समयमा त उक्त सडक बन्द हुने गरेको उनको भनाइ छ। “सडक नहुँदा बिरामीलाई बोकेर अस्पताल लग्नुपर्ने बाध्यता आउँछ गाउँमा न स्वास्थ्य संस्था छ न विद्यालय नै”, थापामगरले भने, “हाम्रो मुख्य समस्या भनेकै सडक हो, सडक नहुँदा निकै सास्ती खेप्नुपरेको छ।”

थापामगरले दुई घण्टा पैदल हिँडेर विद्यालय जानुपर्ने बाध्यताले नातिनीलाई कैलालीको लम्कीस्थित भाइको घरमा अध्ययनका लागि पठाएको बताए। अहिले पनि स्थानीय उत्पादन बिक्री गरेर आम्दानी गरिरहेको बताउँदै सडक सञ्जालले जोडिए यहाँका स्थानीयको आर्थिक सुधार हुने उनको भनाइ थियो।

**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**उधोग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,**
**उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय,**
**सल्यान**

### उद्योग खारेजीको सूचना

प्रस्तुत विषयमा यस उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यानको नाममा साविक घरेलु विकास समितिको कुनै कार्य/योजना/कार्यक्रम/मिति समेत नाम नामेसी नखुलेको धरौटी रकम रु.९.६५,७१२।६१ पैसा फिर्ता गर्न बाँकी धरौटी देखिएकोले उक्त रकम हकदाबी गर्ने कोही भए सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आवश्यक प्रमाण सहित हकदाबी गर्न आउने अन्यथा उक्त रकम सदरस्याहा गर्न मनासिब देखिएकोले राष्ट्रिय दैनिकमा सुचना प्रकाशित गर्ने र सुचना प्रकाशित गर्न लाग्ने रकम धरौटी रकम बाटै खर्च लेख वाञ्छनिय देखि यो टिप्पणी र आदेश निर्णयार्थ पेश गरेको छु।

### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री कृष्ण कुमार घर्ती धनी रहेको, दर्ता नम्बर १०५९२/०८०/०८१ बाट वीन.न.पा-२, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री नविन कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

### नाम परिवर्तन भएको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०७/१८ गतेको निर्णयानुसार कम्पनीको साविक नाम नेपाल बाल तथा महिला प्रसुति सेवा पोलिक्लिनिक प्रा.लि.मा रहेको सम्पूर्ण चल, अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नाम बाल क्लिनिक सुर्खेत पोलिक्लिनिक प्रा.लि.ले सकार्ने व्यहोर्ने गरि सर्व साधारणको जानकारीको लागि यो नाम परिवर्तन गरिएको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**बाल क्लिनिक सुर्खेत पोलिक्लिनिक प्रा.लि.**
**वीरेन्द्रनगर नगरपालिका-६, सुर्खेत**

**लेकवेशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कल्याण-६ , सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति :- २०८२/०७/२३**

यस लेकवेशी नगरपालिकाबाट प्रथम पटक मिति २०८२/०६/१२ गते प्रकाशित सूचनानुसार दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा न्यूनत्तम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही देखिन आएको देहायका विवरण अनुसारको बोलपत्र स्वीकृत गर्ने आशयको सुचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**


| सि. नं. | ठेक्का नं. | कामको विवरण र स्थान | निर्माण व्यवसायीको नाम | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | NCB/ WORKS/LM/ 09/082-083 | Kalyan Health Post Nirman Kramagat | Mangal Construction | रकम रु. ३५,१०,८७४.३५।- |

.........................
**प्रमुख प्रशासकिय अधिकृत**


प्रो. पदम बहादुर बुढा
खानी विभागबाट ढुङ्गा उत्खननको अनुमति प्राप्त
वि.सी. सिलेट ढुङ्गा काट्ने उद्योग
जुनीचाँदे-११, जाजरकोट
सम्पर्क स्थान : वीरेन्द्रनगर-१२, एयरपोर्टचोक, सुर्खेत

स्वदेशी नेचुरल अर्गानिक ढुङ्गा
हाम्रा सेवाहरू : घर, ट्वाईलेट, बाथरूम, बरण्डा, आँगन, पेटीमा विछ्याउन सकिने, मठ मन्दिर, पार्क, पर्यटकीय स्थलमा आकर्षक रूपमा डिजाइनमा विछ्याउन सकिने स्लेट ढुङ्गा अर्डर अनुसार विभिन्न साइजमा उपलब्ध छन्।
☎ ९८५१३५१३२८, ९८५८०६१३२८

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शूल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै कित( ।बबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

यूनिक डेण्टल केयर होम
मो. ९८४९९८७९३३, ९८१३१९६५००

दशैं तिहार २५% सम्म छुट अफर
नयाँ दाँत जडान गरे बापत हात खाली नजाने उपहार
डा. शक्ति वि क
जेनरल एस्थेटिक डेण्टिष्ट
NMC No. २६२६०
डा. मुक्ति रानाभाट
कन्सलटेण्ट अर्थोडोण्टिष्ट
NMC No. १४९९३
9849987933, 9804113641

RARA Printing Pvt.Ltd.
पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)


Book & Copy Printing

Packaging Box Printing

Wedding Card Printing

Stamp

Fiber Bag Printing
हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः भवानी छापाखाना, सुर्खेत ।